# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

### प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा

सूचना नं. ११।२०८३-८४ मिति: २०८३।०६।०६

**प्रदेश निजामती सेवा अन्तर्गत स्वास्थ्य सेवाका अधिकृतस्तर सातौं र सहायकस्तर पाँचौं तहका पदको दरखास्त दिने म्याद थप गरी पदपूर्ति सम्बन्धी बाँकी काम सूचारू गरिएको सूचना।**

यस आयोगबाट मिति २०८१।०४।२९ गते प्रकाशित सूचना नं. ४३।२०८१-८२ र ४४।२०८१-८२ स्वास्थ्य सेवाका अधिकृतस्तर सातौं र सहायकस्तर पाँचौं तहका पदको आन्तरिक प्रतियोगितात्मक परीक्षा र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको समायोजनबाट हुने बढुवा सम्बन्धी विज्ञापनमा आयोग समेत विपक्षी भएको रिट नं. ०८१-WO-०२४६ उपर सम्मानित सर्वोच्च अदालतले विज्ञापन सम्बन्धी कार्य अगाडी नबढाई यथास्थितिमा राख्न यस आयोगको नाउँमा जारी गरेको अल्पकालिन अन्तरिम आदेश बमोजिम आयोगले मिति २०८१।०५।३१ सूचना नं. ९०।२०८१-०८२ र मिति २०८१।०६।०७ सूचना नं. १०१।२०८१-०८२ बाट सो विज्ञापनका सम्पूर्ण कामकारबाही स्थगित गरिएकोमा रिट नं. ०८१-WO-०२४६ सम्मानित सर्वोच्च अदालतको मिति २०८२।१२।२२ गतेको फैसलाबाट खारेज भएको साथै उल्लेखित सूचना नं. ४३-४४।२०८१-८२ का सम्बन्धमा यस आयोग समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा पेश भएको रिट नं. ०८१-WO-०२१७ समेत खारेज भएकोले स्थगित गरिएको पूर्व प्रकाशित सूचना नं. ४४।२०८१-८२ को बाँकी अवधिको दरखास्त दिने म्याद देहाय बमोजिम थप गरी सूचना नं. ४३-४४।२०८१-८२ को बाँकी काम सुचारु गर्न आयोगबाट मिति २०८३।०६।०६ गते निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त दिने विधि, उम्मेदवारको उमेर हद, शैक्षिक योग्यता लगायतका दरखास्त सम्बन्धी अन्य शर्तहरू पूर्व प्रकाशित सूचनामा उल्लेख भएबमोजिम नै हुनेछन्।

<u>तपसिलः</u>

| क. सं. | सूचना नम्बर/मिति | पदपूर्तिको किसिम | दस्तुरको किसिम | दरखास्त दिने अन्तिम मिति | दरखास्त दस्तुर बुझाउने मिति |
|---|---|---|---|---|---|
| १. | ४४।२०८१-८२/ २०८१।०४।२९ | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको समायोजनबाट हुने बढुवा | दस्तुर | २०८३/०६/०७ | दरखास्त दिनु पूर्व दस्तुर जम्मा गर्नुपर्नेछ। |

# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

### प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा

**परीक्षा कार्यक्रमः**

| सि.नं. | विज्ञापन नं. | पदपूर्तिको किसिम | पद | सेवा, समूह, उपसमूह | तह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | ५०१।२०८१-८२ | आ.प्र. | नर्सिङ अधिकृत | स्वास्थ्य, जनरल नर्सिङ | सातौं | ३ | २०८३/०८/०५ विहान ८:०० बजे | २०८३/०८/०५ दिनको १:३० बजे |
| २ | ५०२।२०८१-८२ | आ.प्र. | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य, हे.ई. | सातौं | २ | २०८३/०८/०६ विहान ८:०० बजे | २०८३/०८/०६ दिनको १:३० बजे |
| ३ | ५०३।२०८१-८२ | आ.प्र. | मेडिकल ल्याव टेक्नोलोजिष्ट | स्वास्थ्य, मे.ल्या.टे./ज. मे.ल्या.टे. | सातौं | १ | २०८३/०८/०९ विहान ८:०० बजे | २०८३/०८/०९ दिनको १:३० बजे |
| ४ | ५०६।२०८१-८२ | आ.प्र. | हेल्थ असिष्टेन्ट | स्वास्थ्य, हे.ई. | पाँचौं | ३ | २०८३/०८/१४ विहान ८:०० बजे | |
| ५ | ५०७।२०८१-८२ | आ.प्र. | प.हे.न. | स्वास्थ्य, क.न. | पाँचौं | १ | २०८३/०८/१६ विहान ८:०० बजे | |
| ६ | ५०८।२०८१-८२ | आ.प्र. | ल्याव टेक्निसियन | स्वास्थ्य, मे.ल्या.टे./ज. मे.ल्या.टे. | पाँचौं | ३ | २०८३/०८/१९ विहान ८:०० बजे | |

**द्रष्टव्यः**

१. पूर्व प्रकाशित सूचना नं. ४३-४४।२०८१-८२ उल्लिखित पदका आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/course** बाट हेर्न सकिने।

२. रेडियोग्राफी टेक्नोलोजिष्ट र कविराज पदमा कुनै पनि दरखास्त नपरेको हुँदा उक्त पदको लिखित परीक्षा कार्यक्रम प्रकाशन नगरिएको।